# स्थानीय राजपत्र


## गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ६) काठमाडौँ, असार २८ गते, २०७९ साल संख्याः२


## भाग १

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको विनियोजन ऐन, २०७९

सम्वत् २०७९ सालको ऐन नं. २


मूल्य रु : ५/-

# गोकर्णेश्वर नगरपालिकाको विनियोजन ऐन, २०७९

## प्रस्तावनाः

गोकर्णेश्वर नरपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि संचित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बान्छनीय भएकोले, नेपालको संबिधानको भाग १९ धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगरपालिकाको नवौं नगर सभाले यो विनियोजन ऐन,२०७९ बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "गोकर्णेश्वर नगरपालिकाको बिनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन आर्थिक बर्ष २०७९/०८० को श्रावण १ गतेबाट प्रारम्भ हुने छ ।

**२. आर्थिक बर्ष २०७९/०८० को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक बर्ष २०७९/०८० को निमित्त नगरकार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरु संचालनका लागि अनुसूचीहरुमा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र बित्तिय व्यवस्थाको रकम

समेत गरी जम्मा रु. २,२०,००,००,०००/- (अक्षरुपी दुइअर्व वीस करोड मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट रकम खर्च गर्न सकिने छ।

**३. बिनियोजनः**

(१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७९/०८० को निमित्त गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिने छ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यापालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत शिर्षकबाट नपुग हुने शिर्षकमा नियमानुसार रकम सार्न सकिने छ। पूँजीगत र बित्तिय ब्यवस्था तर्फ विनियोजन रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तिय ब्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(३) चालु तथा पुजिगत खर्च र बित्तिय ब्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि मागमा आधारित तथा नगरस्तरिय पूर्वाधार बिकासका बिशेष कार्यक्रमका लागि एकमुष्ट

बिनियोजन गरिएको रकमलाई नगर कार्यपालिकाको निर्णय र तोकिए बमोजिम कार्यान्वयन गर्न बाधा परेको मानिने छैन ।

(५) फुटकर तथा आकस्मिक योजना संचालन गर्न कार्यपालिकाको बैठकले आवश्यक ब्यवस्था गर्न सक्ने छ । साथै विपद् लगायत अन्य स्थानीय कोषबाट गर्ने अत्यावश्यक खर्च सम्बन्धित समिति वा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

(६) आर्थिक वर्ष २०७९।०८० को राजश्व तथा अनुदान प्राप्तीको अनुसुची–१ वमोजिम र कुल आयको र कुल व्ययको संक्षेपिकरण अनुसुची–२ वमोजिम र अन्य बजेट तथा कार्यक्रमको हकमा थप अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

नगर सभाबाट स्वीकृत मितिः२०७९।३।२५
प्रमाणीकरण मितिः२०७९।३।२५
प्रकाशित मिति : २०७९।३।२८

आज्ञाले,

वैकुण्ठप्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत